# देशको वर्तमान आर्थिक स्थिति

*(आर्थिक वर्ष २०६५/६६ को पहिलो आठ महिनासम्मको तथ्याङ्कमा आधारित)*

## मौद्रिक स्थिति

### मुद्राप्रदाय

१. आर्थिक वर्ष २०६५/६६ को पहिलो आठ महिनासम्ममा विस्तृत मुद्राप्रदाय १३.६ प्रतिशतले बढेको छ । अघिल्लो आर्थिक वर्षको यसै अवधिमा उक्त मुद्राप्रदाय १३.४ प्रतिशतले विस्तार भएको थियो । अघिल्लो वर्षको तुलनामा समीक्षा अवधिमा आन्तरिक कर्जाको विस्तारमा कमी आए तापनि मौद्रिक क्षेत्रको खुद वैदेशिक सम्पत्ति उल्लेखनीय रुपमा बढेकोले विस्तृत मुद्राप्रदायको वृद्धि अघिल्लो वर्ष भन्दा केही उच्च रहेको हो ।

२. अघिल्लो वर्षको तुलनामा समीक्षा अवधिमा संकुचित मुद्राप्रदायको वृद्धि सीमान्तदरले भएको छ । अघिल्लो वर्ष संकुचित मुद्राप्रदाय ११.३ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा ११.९ प्रतिशतले बढेको छ । समीक्षा अवधिमा माग निक्षेपमा कमी आए पनि चलनचल्तीमा रहेको मुद्रा अघिल्लो वर्ष १३.९ प्रतिशतले बढेको तुलनामा समीक्षा अवधिमा २१.९ प्रतिशतले विस्तार भएकोले संकुचित मुद्राप्रदायको विस्तार उच्च रहन गएको हो । समीक्षा अवधिमा माग निक्षेप ६.६ प्रतिशतले घटेको छ भने आवधिक निक्षेप अघिल्लो वर्ष जस्तै १४.४ प्रतिशतले बढेको छ ।

३. समीक्षा अवधिमा खुद वैदेशिक सम्पत्ति (विदेशी विनिमय मूल्याङ्कन नाफा नोक्सान समायोजित) रू ३४ अर्ब ८१ करोड (२०.३ प्रतिशत) ले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा सो सम्पत्ति रू १३ अर्ब ६३ करोडले बढेको थियो । उत्साहजनक विप्रेषण आप्रवाहका अतिरिक्त सरकारको वैदेशिक सहयोग आप्रवाह पनि बढेकोले खुद वैदेशिक सम्पत्ति बढेको हो ।

### कुल आन्तरिक कर्जा

४. आर्थिक वर्ष २०६५/६६ को पहिलो आठ महिनासम्ममा आन्तरिक कर्जा ७.५ प्रतिशतले बढेको छ । अघिल्लो वर्ष सो कर्जा १३.२ प्रतिशतले बढेको थियो । उच्च साधन परिचालनको तुलनामा नेपाल सरकारको पूँजीगत खर्च न्यून रहेकोले फागुन मसान्तमा नेपाल सरकारको नेपाल राष्ट्र बैंकसँग रू २६ अर्ब ५२ करोड नगद बचत कायम रहेको छ । नेपाल सरकारको नेपाल राष्ट्र बैंक सँग उच्च नगद बचत कायम रहेकोले नेपाल सरकारमाथिको खुद दावी २३.१ प्रतिशतले घटेको र निजी क्षेत्रतर्फको कर्जाको वृद्धिदरमा समेत कमी आएकोले आन्तरिक कर्जा अघिल्लो वर्ष भन्दा कम दरले बढेको हो ।

५. समीक्षा अवधिमा गैर-वित्तीय सरकारी संस्थाहरूमाथिको दावी ५.३ प्रतिशत अर्थात् रू २९ करोड ७८ लाखले बढेको छ । अघिल्लो वर्ष उक्त दावी १० प्रतिशत अर्थात् रू ५१ करोडले घटेको थियो । समीक्षा अवधिमा जनकपुर चुरोट कारखाना लिमिटेड, नेपाल वायु सेवा निगम, जनक शिक्षा सामग्री केन्द्र लिमिटेड र नेपाल विद्युत प्राधिकरणले बैकिङ्ग क्षेत्रबाट थप कर्जा उपयोग गरेकोले उक्त संस्थाहरूमाथिको दावी बढेको हो ।

६. समीक्षा अवधिमा वित्तीयसंस्थाहरूमाथिको दावी ४०.४ प्रतिशत अर्थात् रू १ अर्ब ९० करोडले बढेको छ । अघिल्लो वर्षको यसै अवधिमा उक्त संस्थाहरूमाथिको दावी ५५.३ प्रतिशत अर्थात रू २ अर्बले बढेको थियो । वाणिज्य बैंकहरूको ग्रामीण विकास बैंकतर्फको अल्पकालीन लगानीमा कमी आएकाले उक्त दावी कम दरले बढ्न गएको हो ।

७. अघिल्लो वर्षको तुलनामा समीक्षा अवधिमा निजी क्षेत्रतर्फको कर्जा प्रवाहको वृद्धिदरमा कमी आएको छ । अघिल्लो वर्षको पहिलो आठ महिनाको अवधिमा उक्त क्षेत्रतर्फको कर्जा १७.१ प्रतिशतले बढेको थियो । समीक्षा अवधिमा उक्त कर्जा १४.९ प्रतिशतले बढेको छ । समीक्षा अवधिमा नेपाल सरकारले साना किसान तथा घरेलु उद्यमीहरूले सरकारी स्वामित्वका बैंकहरूबाट लिएको तीस हजारसम्मको कर्जा मिनाहा दिने निर्णय गरेअनुरुप सम्बन्धित वाणिज्य बैंकहरूले उक्त कर्जालाई कर्जा शीर्षकबाट हटाएकोले निजी क्षेत्रतर्फको कर्जाको वृद्धिदरमा कमी आएको हो ।

**वाणिज्य बैंकहरूको बचत परिचालन तथा कर्जा प्रवाहको स्थिति**

८. आर्थिक वर्ष २०६५/६६ को पहिलो आठ महिनासम्ममा वाणिज्य बैंकहरूको कुल बचत परिचालन रू ५९ अर्ब ९१ करोड (१४.२ प्रतिशत) ले बढी फागुन मसान्तमा रू ४८१ अर्ब ४४ करोड पुगेको छ । अघिल्लो वर्ष वाणिज्य बैंकहरूको कुल निक्षेप परिचालन रू ४१ अर्ब १४ करोड (१२.३ प्रतिशत) ले बढेको थियो । समीक्षा अवधिमा बचत निक्षेप १४.१ प्रतिशत र मुद्दती निक्षेप २०.७ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको यसै अवधिमा उक्त निक्षेपहरूको विस्तार क्रमशः १२.२ प्रतिशत र १४.५ प्रतिशत रहेको थियो । समीक्षा अवधिमा सिटिजन्स् बैंक ईन्टरनेशनल र बैंक अफ एशियाले सर्वसाधारणकोलागि जारी गरेको प्राथमिक शेयरबाट संकलित रकम निष्कासन बैंक वा वित्तीय संस्थाले कल डिपोजिटको रुपमा वाणिज्य बैंकहरूमा जम्मा भएकोले आवधिक निक्षेपको वृद्धिदर उच्च रहन गएको हो ।

९. समीक्षा अवधिमा वाणिज्य बैंकहरूबाट निजी क्षेत्रतर्फको कर्जा प्रवाहको वृद्धिदरमा कमी आएको छ । अघिल्लो वर्ष उक्त क्षेत्रतर्फको कर्जा १८.९ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा १५.१ प्रतिशतले बढेको छ । निजी क्षेत्रतर्फ प्रवाहित कर्जामध्ये उत्पादन र निर्माण उपक्षेत्रतर्फको कर्जा अघिल्लो वर्ष क्रमशः १७.६ प्रतिशत (रू १० अर्ब ९९ करोड) र ३७.२ प्रतिशत (रू ७ अर्ब ३५ करोड) ले बढेकोमा समीक्षा अवधिमा उक्त उपक्षेत्रतर्फको कर्जा क्रमशः १०.७ प्रतिशत (रू ९ अर्ब) र १६ प्रतिशत (रू ६ अर्ब १७ करोड) ले बढेको छ । त्यस्तै समीक्षा अवधिमा धातुजन्य उत्पादन, मेशिनरी तथा विद्युतिय उपकरण, थोक तथा खुद्रा व्यापार र सेवा क्षेत्रतर्फको कर्जा प्रवाहको वृद्धिदरमा पनि कमी आएको छ भने उपभोग्य कर्जा बढेको छ ।

१०. वाणिज्य बैंकहरूको तरल कोष अघिल्लो वर्ष ७.२ प्रतिशतले बढेको तुलनामा समीक्षा अवधिमा १४.९ प्रतिशतले बढेको छ । उच्च विप्रेषण आप्रवाहको कारणले गर्दा तरल कोषको विस्तार उच्च रहेको हो । तरल कोषका अंशहरूमध्ये नेपाल राष्ट्र बैंकसँग रहेको मौज्दात ६.७ प्रतिशतले बढेको छ । अघिल्लो वर्ष उक्त मौज्दात ७.९ प्रतिशतले बढेको थियो । त्यस्तैगरी, वाणिज्य बैंकहरूको विदेशमा रहेको मौज्दात २२ प्रतिशतले बढी फागुन मसान्तमा रू ५० अर्ब १६ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त मौज्दात ५.२ प्रतिशतले बढेको थियो ।

**तरलता व्यवस्थापन**

११. आर्थिक वर्ष २०६५/६६ को पहिलो आठ महिनासम्ममा खुला बजार कारोवारमार्फत् रू ११ अर्ब ७२ करोड बराबरको खुद तरलता प्रशोचन भएको छ । उक्त प्रशोचित तरलतामध्ये समीक्षा अवधिमा सोझै विक्री बोलकबोलबाट रू ७ अर्ब ४६ करोड र रिभर्स रिपो बोलकबोलबाट रू १३ अर्ब २६ करोड गरी कुल तरलता प्रशोचन रू २० अर्ब ७२ करोड रहेको छ । समीक्षा अवधिको माघ र फागुन महिनामा तरलतामा कमी आएकोले रिपो बोलकबोलमार्फत् रू ९ अर्बको तरलता प्रवाह भएको छ । समीक्षा अवधिमा विदेशी विनिमय कारोवारमार्फत् उच्च तरलता प्रवाहित भए पनि नेपाल सरकारको नेपाल राष्ट्र बैंकसँग उच्च नगद बचत कायम रहेको र चलनचल्तीमा रहेको मुद्राको विस्तार पनि उच्च रहेकोले बैंकिङ्ग क्षेत्रको तरलतामा केही कमी आएको हो । अघिल्लो वर्षको यसै अवधिमा सोझै बिक्री बोलकबोलबाट रू ३ अर्ब ७० करोड र रिभर्स रिपो बोलकबोलबाट रू ५ अर्ब ५७ करोड गरी कुल रू ९ अर्ब २७ करोड तरलता प्रशोचन भएकोमा रिपो बोलकबोलबाट रू ९ अर्बको तरलता प्रवाह गरिएकोले खुद तरलता प्रशोचन रू २७ करोडले भएको थियो ।

१२. समीक्षा अवधिमा वाणिज्य बैंकहरूबाट अमेरिकी डलर १ अर्ब २६ करोड ६४ लाख खुद खरीद गरी रू ९७ अर्ब २४ करोड बराबरको खुद तरलता प्रवाह भएको छ । अघिल्लो वर्षको यसै अवधिमा नेपाल राष्ट्र बैंकले वाणिज्य बैंकहरूबाट अमेरिकी डलर ८६ करोड २ लाख खुद खरीद गरी रू ५४ अर्ब ९८ करोड बराबरको खुद तरलता प्रवाह गरेको थियो । उच्च विप्रेषण आप्रवाहका कारणले समीक्षा अवधिमा विदेशी विनिमय वजारबाट उच्च अमेरिकी डलर खरीद हुन गएको हो ।

१३. समीक्षा अवधिमा अमेरिकी डलर १ अर्ब बिक्री गरी भा.रू. ४७ अर्ब ७७ करोड खरीद भएको छ । अघिल्लो वर्षको यसै अवधिमा अमेरिकी डलर ९१ करोड बिक्री गरी भा.रू. ३६ अर्ब १९ करोड खरीद भएको थियो । अघिल्लो वर्षको तुलनामा समीक्षा अवधिमा नेपाल आयल निगमले भारतीय आयल निगमलाई उच्च भुक्तानी गरेको कारणले भारतीय मुद्रा खरीद गर्न अमेरिकी डलरको बिक्री बढेको हो ।

**स्थायी तरलता सुविधा र अन्तर बैंक कारोवार**

१४. आर्थिक वर्ष २०६५/६६ को पहिलो आठ महिनासम्ममा वाणिज्य बैंकहरूले स्थायी तरलता सुविधाअन्तर्गत कुल रू ८३ अर्ब २३ करोड उपयोग गरेका छन् । अघिल्लो वर्षको यसै अवधिमा वाणिज्य बैंकहरूले कुल रू ७२ अर्ब ५० करोड बराबरको स्थायी तरलता सुविधा उपयोग गरेका थिए । त्यस्तै, समीक्षा अवधिमा वाणिज्य बैंकहरूबीचको अन्तर बैंक कारोवार कुल रू १९२ अर्ब ९९ करोड रहेको छ । अघिल्लो वर्षको यसै अवधिमा कुल रू १९० अर्ब ८२ करोड अन्तर बैंक कारोवार भएको थियो ।

**अल्पकालीन व्याजदर**

१५. आर्थिक वर्ष २०६५/६६ को आठौ महिनामा अल्पकालीन बजार व्याजदर बढेको छ । फागुन महिनामा ९१ दिने ट्रेजरी विल्सको मासिक भारित औसत व्याजदर ६.८३ प्रतिशत रह्यो । अघिल्लो वर्षको यसै महिनामा सो ऋणपत्रको मासिक भारित औसत व्याजदर ५.५४ प्रतिशत रहेको थियो । अघिल्लो वर्षको फागुन महिनामा भारित औसत मासिक अन्तर बैंक व्याजदर ५.०७ प्रतिशत रहेकोमा २०६५ फागुन महिनामा ६.३८ प्रतिशत रहेको छ । समीक्षा अवधिको सातौ महिनाको अन्त्यमा सिटिजन्स बैंक इन्टरनेश्नल र बैंक अफ एशियाले सर्वसाधारणकोलागि प्राथामिक बजारमा शेयर निष्कासन गरेको कारणले उक्त महिनामा मुद्रा बजारमा तरलताको माग बढेकोले अल्पकालीन बजार व्याजदरमा चाप पर्न गएको हो ।

## धितोपत्र बजार

१६. वार्षिक विन्दुगत आधारमा नेप्से सूचकाङ्क ६.७ प्रतिशतले घटेर २०६५ फागुन मसान्तमा ६६७.२० विन्दुमा पुगेको छ । यो सूचकाङ्क २०६४ फागुन मसान्तमा ७१४.७६ थियो । २०६३ असार मसान्तलाई आधार मानी गणना गरिएको नेप्से सेन्सिटिभ सूचकांङ्क २०६५ फागुन मसान्तमा १७६.९० रहेको छ । यो सूचकाङ्क २०६४ फागुन मसान्तमा १८४.६४ रहेको थियो ।

१७. नेपाल स्टक एक्सचेन्ज लिमिटेडले २०६५ भदौ ८ गतेको अन्तिम कारोवारलाई वजार मूल्यको आधारको रुपमा लिई गणना गरिएको Nepse Float Index २०६५ फागुन मसान्तमा ६५.३१ रहेको छ ।

१८. २०६५ फागुन मसान्तमा बजार पूँजीकरण वार्षिक विन्दुगत आधारमा ७४.२ प्रतिशतले वृद्धि भई रु.४०२ अर्ब ३ करोड पुगेको छ । सूचीकृत कम्पनीहरुको वजार पूँजीकरणमा विगतमा झैं बैंक तथा वित्तीय संस्थाहरुले सबैभन्दा ठूलो हिस्सा ओगटेका छन् । बजार पूँजीकरणमा बैंक तथा वित्तीय संस्थाहरुको ७२.५ प्रतिशत, उत्पादन तथा प्रशोधन क्षेत्रको १.८ प्रतिशत, होटलहरुको १.१ प्रतिशत, व्यापारिक संस्थाहरुको ०.३ प्रतिशत, जलविद्युत समूहको ४.१ प्रतिशत र अन्यको २०.३ प्रतिशत अंश रहेको छ ।

१९. सूचीकृत कम्पनीहरुको चुक्ता पूँजीको वार्षिक वृद्धि १०८.९ प्रतिशत रही २०६५ फागुन मसान्तमा रु.५१ अर्ब ३६ करोड पुगेको छ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा थप धितोपत्रहरु सूचीकृत भएका कारण चुक्ता पूँजीमा वृद्धि भएको हो । यस आर्थिक वर्षको फागुन मसान्तसम्ममा रु.८७ करोड २८ लाख बराबरको बोनस शेयर, रु. ५ अर्ब ५८ करोड ९२ लाख बराबरको हकप्रद शेयर, रु. १५ अर्ब ६९ करोड ५० लाख बराबरको साधारण शेयर र रु. ३ अर्ब ३० करोड बराबरको ऋणपत्र (Bond) गरी जम्मा रु. २५ अर्ब ४५ करोड ६९ लाख बराबरको धितोपत्र सूचीकृत भएको छ ।

२०. २०६५ फागुन मसान्तमा मासिक कारोवारको वजार पूँजीकरणसँगको अनुपात (Turnover Ratio) ०.२९ प्रतिशत रहेको छ । यस्तो अनुपात २०६४ फागुन मसान्तमा ०.८१ प्रतिशत रहेको थियो ।

२१. २०६५ फागुन मसान्तमा नेपाल स्टक एक्सचेन्ज लि. मा सूचीकृत भएका कम्पनीहरुको संख्या १५२ वटा रहेको छ । २०६४ फागुन मसान्तमा यो संख्या १४६ रहेको थियो । हाल सूचीकृत कम्पनीहरुमध्ये १२१ वटा बैंक तथा वित्तीय संस्थाहरु (बीमा कम्पनी समेत), १८ वटा उत्पादन र प्रशोधन गर्ने उद्योग, ४ वटा होटल, ४ वटा व्यापारिक संस्था, ३ वटा जल विद्युत कम्पनी र २ वटा अन्य समूहका रहेका छन् ।

२२. शेयरबजारको उतारचढाव (Volatility) मापन गर्नका लागि प्रयोग गरिने १२ महिनाको Rolling Standard Deviation २०६४ फागुन मसान्तमा १७२.४ रहेकोमा २०६५ फागुन मसान्तमा १४३.१ रहेको छ ।

**उपभोक्ता मुद्रास्फीति**

२३. आर्थिक वर्ष २०६५।६६ को आठौं महिनासम्ममा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति १३.१ प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्षको यसै अवधिमा यस्तो मुद्रास्फीति ७.२ प्रतिशत रहेको थियो। खाद्य तथा पेय पदार्थ समूहको मूल्य सूचकाङ्क १७.१ प्रतिशतको उच्च दरले वृद्धि भएको र गैरखाद्य तथा सेवा समूहको मूल्य सूचकाङ्क ८.८ प्रतिशतले वृद्धि भएको कारण समग्र उपभोक्ता मुद्रास्फीति दर अघिल्लो वर्षको भन्दा समीक्षा अवधिमा अधिक रहेको छ। अघिल्लो वर्ष यी समूहहरुको मूल्य सूचकाङ्कको वृद्धि क्रमशः ९.४ प्रतिशत र ४.९ प्रतिशत रहेको थियो।

२४. २०६५ फागुनसम्ममा खाद्य तथा पेय पदार्थ समूहमा पर्ने वस्तुहरुमध्ये चिनी तथा चिनीजन्य वस्तुको मूल्य वृद्धि सबैभन्दा बढी ५३.० प्रतिशत रहेको छ। अघिल्लो वर्ष यस उपसमूहको मूल्यमा ८.४ प्रतिशतले ह्रास आएको थियो। यसैगरी समीक्षा अवधिमा माछा, मासु तथा फुल, दलहन र तरकारी तथा फलफूलको मूल्य क्रमशः २५.२ प्रतिशत, २४.६ प्रतिशत र २१.८ प्रतिशतले वृद्धि भएको छ। २०६४ फागुनमा यी उपसमूहहरुको मूल्यवृद्धि क्रमशः ५.३ प्रतिशत, १३.७ प्रतिशत र (–१.८) प्रतिशत रहेको थियो। साथै, खाद्यान्न उपसमूहको वार्षिक विन्दुगत मूल्य वृद्धि १३.० प्रतिशत रहेको छ। २०६४ फागुनमा यस उपसमूहको वार्षिक विन्दुगत मूल्य वृद्धि १४.९ प्रतिशत रहेको थियो।

२५. २०६५ फागुनमा गैर-खाद्यवस्तु तथा सेवा समूहका वस्तुहरुमध्ये सुर्ती तथा सुर्तीजन्य वस्तुको वार्षिक विन्दुगत मूल्यवृद्धि १६.३ प्रतिशत रहेको छ। अघिल्लोवर्ष यस्तो वृद्धि ८.३ प्रतिशत रहेको थियो। यसै गरी समीक्षा अवधिमा यातायात तथा सञ्चार उपसमूहको वार्षिक विन्दुगत मूल्यवृद्धि १३.५ प्रतिशत रहेको छ। गतवर्ष यस्तो वृद्धि १.१ प्रतिशत रहेको थियो।

२६. क्षेत्रगत आधारमा विश्लेषण गर्दा समीक्षा अवधिमा काठमाडौंमा सबैभन्दा बढी १३.४ प्रतिशत मूल्य वृद्धि भएको छ भने तराईमा १३.३ प्रतिशत र पहाडमा १२.४ प्रतिशत रहेको छ। अघिल्लो वर्षको यसै अवधिमा यस्तो वृद्धिदर क्रमशः ७.० प्रतिशत, ७.१ प्रतिशत र ७.५ प्रतिशत रहेको थियो।

२७. २०६५ फागुनसम्ममा वार्षिक विन्दुगत अन्तर्निहित मुद्रास्फीति (Core Inflation) १२.५ प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा उक्त मुद्रास्फीति ६.१ प्रतिशत रहेको थियो।

### थोक मुद्रास्फीति

२८. राष्ट्रिय थोक मूल्य सूचकाङ्कको वार्षिक विन्दुगत वृद्धिदर २०६४ फागुनमा ६.६ प्रतिशत रहेकोमा २०६५ फागुनमा १२.३ प्रतिशत रहेको छ। समीक्षा अवधिमा थोक मूल्य अन्तर्गतका कृषिजन्य वस्तु, आयातीत वस्तु र स्वदेशी उत्पादित वस्तुहरुको मूल्य क्रमश. १५.३ प्रतिशत, १०.० प्रतिशत र ८.८ प्रतिशतले वृद्धि भएको छ। अघिल्लो वर्षको सोही अवधिमा यी वस्तुहरुको मूल्य क्रमशः ४.९ प्रतिशत, ७.८ प्रतिशत र ९.० प्रतिशतले वृद्धि भएको थियो।

२९. कृषिजन्य वस्तुहरुमध्ये अघिल्लो वर्षको फागुनसम्ममा १२.७ प्रतिशतले ह्रास भएको फलफूल तथा तरकारीको वार्षिक विन्दुगत मूल्य सूचकाङ्क समीक्षा अवधिमा सबैभन्दा बढी ३१.८ प्रतिशतले बढेको छ। यसैगरी, पशुजन्य उत्पादनको वार्षिक विन्दुगत मूल्य वृद्धि २३.२ प्रतिशत र दलहनको १५.४ प्रतिशत रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा यी वस्तुहरुको वार्षिक मूल्यवृद्धि क्रमशः ६.१ प्रतिशत र १३.४ प्रतिशत रहेको थियो।

३०. २०६५ फागुनसम्ममा स्वदेशमा उत्पादित वस्तुहरुमध्ये पेय पदार्थ तथा सुर्ती सम्बन्धी वस्तुहरुको मूल्य १३.३ प्रतिशतले वृद्धि भएको छ। अघिल्लो वर्ष यस्तो वृद्धि ५.० प्रतिशत रहेको थियो। साथै आयातीत वस्तुहरुमध्ये २०६५ फागुनसम्ममा कपडाको वार्षिक विन्दुगत मूल्य २०.३ प्रतिशतले वृद्धि भएको छ। गत वर्षको सोही अवधिमा उक्त बस्तुको मूल्य ४.० प्रतिशतले ह्रास भएको थियो। साथै समीक्षा अवधिमा यातायात तथा मेशिनरी वस्तुहरुको मूल्य १८.५ प्रतिशतले वृद्धि भएको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो वृद्धि ६.३ प्रतिशत रहेको थियो।

### राष्ट्रिय तलव तथा ज्यालादर सूचकाङ्क

३१. २०६५ फागुन महिनामा वार्षिक विन्दुगत राष्ट्रिय तलव तथा ज्यालादर सूचकाङ्क २०.३ प्रतिशतले वृद्धि भएको छ। २०६४ फागुनमा सो सूचकाङ्क ९.० प्रतिशतले बढेको थियो। २०६५ असोजदेखि सरकारी कर्मचारीलगायत सुरक्षाकर्मी, संस्थानका कर्मचारी, शिक्षक आदिको तलबमा वृद्धि भएकोले यस अवधिमा तलव तथा ज्यालादर सूचकाङ्कमा बढी चाप परेको हो। तलब तथा ज्यालादरमध्ये तलब उपसूचकाङ्क समीक्षा अवधिमा २०.८ प्रतिशतले वृद्धि भएको छ। यस्तो उपसूचकाङ्क अघिल्लो वर्षको यसै अवधिमा १०.९ प्रतिशतले बढेको थियो। ज्यालादर उपसूचकाङ्क समीक्षा अवधिमा २०.१ प्रतिशतले बढेको छ। अघिल्लो वर्षको यसै

अवधिमा यो सूचकाङ्क ८.४ प्रतिशतले  बढेको थियो । २०६५ फागुनमा ज्यालादरअन्तर्गत कृषि मजदुर, औद्योगिक मजदुर र निर्माण मजदुरको ज्यालादर सूचकाङ्क क्रमश: २६.९ प्रतिशत, १०.६ प्रतिशत र १८.१ प्रतिशतले  वृद्धि भएको छ । अघिल्लो वर्ष यस्तो सूचकाङ्क क्रमश: ६.० प्रतिशत, ११.६ प्रतिशत र १०.९ प्रतिशतले वृद्धि भएको थियो ।

## सरकारी वित्त स्थिति

### सरकारी बजेट घाटा/ बचत स्थिति

३२. आर्थिक वर्ष २०६५/६६ को पहिलो आठ महिनासम्ममा नगद प्रवाहमा आधारित सरकारी बजेट रु ११ अर्व ३० करोडले बचतमा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा सरकारी बजेट रु. ६ अर्व ९९ करोडले घाटामा रहेको थियो । सरकारी खर्चको तुलनामा साधन परिचालनको वृद्धि उल्लेख्य रुपमा बढी भएको कारण समीक्षा अवधिमा सरकारको बजेट बचतमा रहेको  हो ।

३३. समीक्षा अवधिमा नेपाल सरकारको नेपाल राष्ट्र बैंकसँग रु २६ अर्व ५२ करोड नगद बचत कायम रहेको छ ।

### सरकारी खर्च

३४. आर्थिक वर्ष २०६५/६६ को पहिलो आठ महिनासम्ममा नगद प्रवाहमा आधारित कुल सरकारी खर्च १४.२ प्रतिशतले वृद्धि भई रु.९१ अर्व ७५ करोड पुगेको छ । अघिल्लो वर्षको यसै अवधिमा सरकारी खर्च ३२.५ प्रतिशतले बढेको थियो । चालू तथा पूँजीगत दुवै खर्चको वृद्धिदरमा कमी आएकोले समीक्षा अवधिमा कुल सरकारी खर्चको वृद्धिदरमा अघिल्लो वर्षको तुलनामा कमी आएको हो ।

३५. समीक्षा अवधिमा नेपाल सरकारको चालू खर्च २०.१ प्रतिशतले वृद्धि भई २०६५ फागुन मसान्तमा रु. ६१ अर्व ३८ करोड पुगेको छ । अघिल्लो वर्ष सोही अवधिमा चालू खर्च १९.२ प्रतिशतले बढेको थियो । सरकारी कर्मचारीहरुको तलव वृद्धि तथा गैरबजेटरी खर्चमा वृद्धि भएकोले समीक्षा अवधिमा चालू खर्च बढी दरले बढेको हो ।

३६. समीक्षा अवधिमा नेपाल सरकारको पूँजीगत खर्च १५.९ प्रतिशतले घटी रु. १४ अर्व ६५ करोडमा झरेको छ । अघिल्लो वर्ष पूँजीगत खर्चमा ९१.० प्रतिशतले वृद्धि भएको थियो । आर्थिक वर्ष २०६५ । ६६ का लागि सरकारको नीति तथा कार्यक्रम आउनमा केही ढिलाई हुनगएको, स्थानीय निकायमा जनप्रतिनिधिहरुको अभाव रहेको, नयाँ नेपाल निर्माण  अभियानका लागि तोकिएका आयोजनाहरुका लागि अत्यावश्यक कार्यक्रम, निर्देशिका तयार हुन समय लागेको र ठेक्कापट्टालगायत खरीद प्रक्रियामा ढिलाई भएको साथै विद्युत आपूर्तिमा अनिश्चितता र द्धन्दका कारण पूँजीगत खर्चमा कमी आएको हो ।

### सरकारी राजस्व

३७. आर्थिक वर्ष २०६५/६६ को पहिलो आठ महिनासम्ममा नेपाल सरकारको राजस्व परिचालन ३८.६ प्रतिशतले वृद्धि भई रु.८४ अर्व ४ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा राजस्व २६.२ प्रतिशतले बढेको थियो । राजस्व चुहावटमा नियन्त्रण, राजस्व प्रशासनमा सुधारलगायत स्वयंकर घोषणा जस्ता कार्यक्रमहरुमा सरकारको दृढ प्रतिवद्धताका कारण समीक्षा अवधिमा उत्साहजनक दरले राजस्वको परिचालनमा वृद्धि भएको हो ।

३८. समीक्षा अवधिमा मूल्य अभिवृद्धि कर राजस्व २०.१ प्रतिशतले वृद्धि भई रू. २३ अर्ब ४३ करोड पुगेको छ । अघिल्लो वर्षको यसै अवधिमा सो वृद्धिदर २५.८ प्रतिशत रहेको थियो । विप्रेषण आयमा भएको वृद्धिसँगै बढ्दो आयात तथा उपभोगमा भएको वृद्धि र मूल्य अभिवृद्धि कर प्रशासनमा भएका सुधारहरुको कारण समीक्षा अवधिमा मूल्य अभिवृद्धि कर राजस्वमा वृद्धि भएको हो । तर, तराई एवं सीमा क्षेत्रमा भइरहने द्वन्द, औद्योगिक उत्पादनमा शिथिलता एबं उच्च भन्सार लाग्ने वस्तुहरु, जस्तै सवारी साधनको आयातको वृद्धिदरमा कमी आएकोले समीक्षा अवधिमा मूल्य अभिवृद्धि करको वृद्धिदरमा कमी आएको हो ।

३९. आर्थिक वर्ष २०६५/६६ को पहिलो आठ महिनासम्ममा नेपाल सरकारको भन्सार महसूलबाट प्राप्त हुने राजस्व १९.३ प्रतिशतले वृद्धि भई रू. १५ अर्ब ३३ करोड पुगेको छ । अघिल्लो वर्ष सो राजस्व २६.१ प्रतिशतले वृद्धि भएको थियो । भन्सार प्रशासनमा गरिएका सुधारका कारण भन्सार राजस्वमा वृद्धि भएको हो । तर सीमा क्षेत्रमा हुने छिटफुट द्धन्दको स्थिति, चालू आर्थिक वर्षको बजेटले १३१ वस्तुहरुको भन्सार शून्यमा झारेको कारण अघिल्लो वर्षभन्दा कम दरले मात्र भन्सार राजस्व बढेको छ ।

४०. समीक्षा अवधिमा अन्तःशुल्क राजस्व ४१.४ प्रतिशतले वृद्धि भई रू. ८ अर्ब ९९ करोड पुगेको छ। अघिल्लो वर्ष सो राजस्व २७.८ प्रतिशतले वृद्धि भएको थियो। अन्तःशुल्क प्रशासनमा गरिएका सुधारहरु र नयाँ अन्तःशुल्क लाग्ने वस्तुहरुको पहिचानका कारण समीक्षा अवधिमा अन्तःशुल्क राजस्व बढेको हो।

४१. समीक्षा अवधिमा सरकारको आयकर राजस्व ४२.६ प्रतिशतले वृद्धि भई रू.१४ अर्ब ५२ करोड पुगेको छ। अघिल्लो वर्ष सो राजस्व ३३.७ प्रतिशतले मात्र वृद्धि भएको थियो। सरकारको प्रशासनिक एबं राजनैतिक प्रतिवद्धताका कारण स्वयंकर घोषणा कार्यक्रममार्फत उल्लेख्य रकम प्राप्त भएकोले समीक्षा अवधिमा आयकर राजस्वमा विस्तार आएको हो।

४२. आर्थिक वर्ष २०६५/६६ को पहिलो आठ महिनासम्ममा सरकारको गैरकर राजस्व ९६.० प्रतिशतले वृद्धि भई रु. १६ अर्व ९५ करोड पुगेको छ। अघिल्लो वर्ष गैरकर राजस्व १५.९ प्रतिशतले बढेको थियो। केही सरकारी संस्थानहरुबाट सरकारलाई लाभांशबापत् उल्लेख्य रकम प्राप्त भएको कारणले समीक्षा अवधिमा गैरकर राजस्वको वृद्धिदर उच्च रहेको हो।

### वैदेशिक नगद ऋण र अनुदान

४३. आर्थिक वर्ष २०६५/६६ को पहिलो आठ महिनासम्ममा नेपाल सरकारलाई वैदेशिक नगद ऋणवापत् रु २ अर्व ८७ करोड र वैदेशिक नगद अनुदानवापत् रु.१५ अर्व ६४ करोड प्राप्त भएको छ। अघिल्लो वर्ष ती शीर्षकहरुमा क्रमशः रु.२ अर्व ५२ करोड र रु. ९ अर्व ७८ करोड प्राप्त भएको थियो।

४४. समीक्षा अवधिमा नेपाल सरकारले रु ८ अर्व ७० करोड बराबरको आन्तरिक ऋण परिचालन गरेको छ। अघिल्लो वर्षको यसै अवधिमा सरकारले रु ९ अर्व २० करोड आन्तरिक ऋण परिचालन गरेको थियो।

## बैदेशिक व्यापार

४५. आर्थिक वर्ष २०६५/६६ को पहिलो आठ महिनासम्ममा कुल निर्यात १७.१ प्रतिशतले बढेको छ। अघिल्लो वर्षको सोही अवधिमा कुल निर्यात २.९ प्रतिशतले घटेको थियो। कुल निर्यातमध्ये भारततर्फको निर्यात ३.६ प्रतिशतले मात्र बढेको छ भने अन्य मुलुकतर्फको निर्यात भने ४६.१ प्रतिशतले बढेको छ। अघिल्लो वर्ष भारततर्फको निर्यात ६.९ प्रतिशतले घटेको थियो भने अन्य मुलुकतर्फको निर्यात ४६.१ प्रतिशतले बढेको थियो।

४६. भारततर्फ मुख्यतयाः तयारी पोशाक, जी.आई. पाइप, जुत्ता तथा चप्पल, खयर तथा टुथपेष्ट एवं अन्य मुलुकतर्फ विशेषगरी दाल, पश्मिना, ऊनी गलैंचा, जडीबुटी र नेपाली कागज तथा कागजबाट निर्मित सामानको निर्यातमा उल्लेख्य वृद्धि आएको कारण कुल निर्यात बढेको हो।

४७. अघिल्लो वर्षको पहिलो आठ महिनासम्ममा १९.२ प्रतिशतले बढेको कुल आयात आर्थिक वर्ष २०६५/६६ को सोही अवधिमा २६.१ प्रतिशतले बढेको छ। कुल आयातमध्ये भारतबाट भएको आयात अघिल्लो वर्ष २४.९ प्रतिशतले बढेकोमा यस वर्ष १३.१ प्रतिशतले वृद्धि भएको छ। त्यसैगरी अन्य मुलुकबाट भएको आयात अघिल्लो वर्ष १०.५ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा ४८.७ प्रतिशतले वृद्धि भएको छ।

४८. आर्थिक वर्ष २०६५/६६ को पहिलो आठ महिनासम्ममा भारतबाट मुख्यतया पेट्रोलियम पदार्थ, कोल्ड रोल्ड शीट इन्क्वाइल, अन्य मेशिनरी तथा पाटपुर्जा, सवारी साधन तथा पाटपुर्जा र औषधी एवं अन्य मुलुकबाट विशेषगरी सुन, एम.एस विलेट, विद्युतीय सामाग्री, औषधी र कम्प्युटर तथा पाटपुर्जाको आयातमा उल्लेख्य वृद्धि भएको छ।

### शोधनान्तर

४९. आर्थिक वर्ष २०६५/६६ को पहिलो आठ महिनासम्ममा समग्र शोधनान्तर स्थिति रु. ३४ अर्व ८१ करोडले बचतमा रहेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा समग्र शोधनान्तर स्थिति रु. १३ अर्व ६३ करोडले बचतमा रहेको थियो। समीक्षा अवधिमा चालू खाता रु. २८ अर्व ९४ करोडले बचतमा रहेको छ जबकी अघिल्लो वर्षको सोही अवधिमा चालू खाता रु. १ अर्व ५४ करोडले घाटामा रहेको थियो। खुद ट्रान्सफर आय ५३.५ प्रतिशतले बढेको कारण समीक्षा अवधिमा चालू खातामा यस्तो बचत सृजना भएको हो। ट्रान्सफरअन्तर्गत समीक्षा अवधिमा विप्रेषण आप्रवाह ५८.९ प्रतिशतले वृद्धि भएको छ। अघिल्लो वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह २८.१ प्रतिशतले बढेको थियो।

## विदेशी विनिमय सञ्चिति

५०. २०६५ फागुन मसान्तमा कुल विदेशी विनिमय सञ्चिति २०६५ असार मसान्तको तुलनामा २७.४ प्रतिशतले बढी रु. २७० अर्व ८० करोड पुगेको छ । आर्थिक वर्ष २०६४/६५ को सोही अवधिमा यस्तो सञ्चिति १०.२ प्रतिशतले बढेको थियो । अमेरिकी डलरमा भने २०६५ असारदेखि फागुन मसान्तसम्ममा कुल संचिति ५.७ प्रतिशतले बढी अमेरिकी डलर ३ अर्व २८ करोडमा पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा कुल सञ्चिति अमेरिकी डलरमा गणना गर्दा १०.८ प्रतिशतले बढेको थियो । आर्थिक वर्ष २०६५।६६ को पहिलो आठ महिनासम्मको आयातलाई आधार मान्दा विदेशी विनिमय सञ्चितिको विद्यमान स्तरले १२.३ महिनाको वस्तु आयात र ९.९ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहेको छ ।

## अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियम तथा सुनको मूल्य स्थिति तथा विनिमय दर प्रवृत्ति

५१. अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियम (Crude Oil Brent) को मूल्य २०६४ फागुन मसान्तमा प्रति व्यारल अमेरिकी डलर ११०.७५ रहेकोमा २०६५ फागुन मसान्तमा ५९.२ प्रतिशतले घटी प्रति व्यारल अमेरिकी डलर ४५.१८ रहेको छ । त्यसैगरी सुनको मूल्य २०६४ फागुन मसान्तको तुलनामा २०६५ फागुन मसान्तमा ६.७ प्रतिशतले घटी प्रति आउन्स अमेरिकी डलर ९९५.०० बाट अमेरिकी डलर ९२८.०० रहेको छ ।

५२. २०६५ असार मसान्तको तुलनामा २०६५ फागुन मसान्तमा नेपाली रुपैयाँ अमेरिकी डलरसँग १७.०२ प्रतिशतले अवमूल्यन भएको छ । अघिल्लो वर्षको सोही अवधिमा नेपाली रुपैयाँ अमेरिकी डलरसँग ०.५६ प्रतिशतले अधिमूल्यन भएको थियो । २०६५ असार मसान्तमा अमेरिकी डलर एकको विनिमय दर रु. ६८.५० रहेको थियो भने २०६५ फागुन मसान्तमा उक्त विनिमय दर रु. ८२.५५ पुगेको छ ।